बिहीबार २० मंसिर ०८१
www.nayapatrikadaily.com
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/०७०
नयाँ पत्रिका

■ नेपाल प्रिमियर लिग २०२४

# विराटनगरको सनसनीपूर्ण पहिलो जित

## लुम्बिनीले दिएको १९२ रनको लक्ष्य १९.५ ओभरमा आठ विकेट गुमाएर पूरा गर्‍यो विराटनगरले

**रमेश सुवेदी**/नयाँ पत्रिका

नेपाल प्रिमियर लिग (एनपिएल)मा विराटनगर किंग्स र लुम्बिनी लायन्सबिचको खेल रोमाञ्चक बन्यो । यस खेलमा समग्रमा १५ विकेट पतन हुँदा ३८४ रन बन्यो । खेलमा बाजी भने विराटनगरले मार्‍यो । त्यो पनि खेल सकिन एक बलअगाडि विराटनगरले लुम्बिनीलाई दुई विकेटले स्तब्ध पार्‍यो । आफ्नो तेस्रो खेलमा रोमाञ्चक जित निकालेको विराटनगर एनपिएलमा अहिलेसम्मकै सर्वाधिक लक्ष्य पछ्याउने टोली बनेको छ । सन्दीप लामिछानेको कप्तानीमा रहेको विराटनगर लगातार दुई खेलमा पराजित भएको थियो । विराटनगरले तेस्रो खेलमा बहादुरीपूर्ण प्रदर्शन गरेको हो ।

त्रिवि क्रिकेट मैदानमा रोहित पौडेलको कप्तानीमा रहेको लुम्बिनीले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर १९१ रन बनाएको थियो । प्रत्युत्तरमा विराटनगरले १९.५ ओभरमा आठ विकेटको क्षतिमा १९३ रन जोड्यो । यस खेलमा पराजित हुँदा विराटनगरको प्लेअफ सम्भावना कमजोर बन्ने थियो । तर, लोकेश बम, बसिर अहमेद र क्रिस सोलको आक्रामक ब्याटिङ कारण विराटनगरले २ अंक जोड्यो ।

विराटनगरलाई अन्तिम ओभरमा १६ रन चाहिएको थियो । लुम्बिनीका कप्तान रोहितले खर्चिलो बलिङ गरिरहेका विवेक यादवलाई अन्तिम ओभर गर्न लगाए । विवेकले सुरुमै लगातार दुई वाइड फ्याँके । १९.१ ओभरमा उनले विपक्षी कप्तान सन्दीपको विकेट लिए । यादवले १९.२ ओभरमा डट फ्याँके । नवौँ विकेटका रूपमा स्कटल्यान्डका क्रिस सोलले स्ट्राइक लिएका थिए । उनी क्रिजमा रहँदा विराटनगरलाई ४ बलमा १३ आवश्यक थियो । उनले विवेकविरुद्ध एक छक्का र दुई चौका प्रहार गर्दै लुम्बिनीलाई स्तब्ध बनाए ।

विराटनगर पहिलो खेलमा सुदूरपश्चिमविरुद्ध ९० रन तथा जनकपुरसँग आठ विकेटले पराजित भएको थियो ।

### दुई महत्त्वपूर्ण साझेदारी

विराटनगरको जितमा दोस्रो र पाँचौँ विकेटका लागि महत्त्वपूर्ण साझेदारी भएको थियो । दोस्रो विकेटका लागि मार्टिन गुप्तिल र लोकेश बमबिच ३७ बलमा ६२ रनको साझेदारी भएको थियो । त्यसपछि लोकेशले बसिर अहमेदसँग पाँचौँ विकेटका लागि ३४ बलमा ६६ रनको साझेदारी गर्दै टोलीलाई जिततर्फ अग्रसर गराएका थिए । यही दुई विकेटको अर्धशतकीय साझेदारीका कारण विराटनगरले २ अंक हात पारेको हो । न्युजिल्यान्डका गुप्तिलले १७ बलमा ६ चौकाको सहयोगमा २८ रन जोडे । बसिरले २३ बलमा चार चौका र एक छक्का प्रहार गरी ४० रन जोडे । यसबाहेक नवौँ विकेटका लागि दीपक बोहरा र क्रिसबीच चार बलमा विस्फोटक १४ रनको साझेदारी भएको थियो । क्रिसले अन्तिम ओभरमा ३५० को स्ट्राइकमा ब्याटिङ गरेका थिए ।

### लोकेशको अर्धशतकीय इनिङ्स

विराटनगरको जितमा ओपनर लोकेशले अर्धशतकीय इनिङ्स खेलेका थिए । उनले लगातार छैटौँ विकेटका लागि साझेदारी गर्दै जितको आधार बनाए । उनी आउट हुँदा विराटनगर १७.४ ओभरमा १६३/६ को अवस्थामा थियो । उनी आउट हुँदा विराटनगरलाई १४ बलमा २९ रन चाहिएको थियो । लोकेशलाई सिमोन्ड्सले सन्दीप जोराबाट क्याच आउट गराए । लोकेशले ४६ बल सामना गरी ६ छक्का र तीन चौका प्रहार गरी सर्वाधिक ७१ रनको योगदान दिए । उनी नै खेलका म्यान अफ दी म्याच भए ।

जितपछि लोकेशले खेलमा धेरै रन बनाउने रणनीतिका साथ क्रिजमा ओर्लेको बताए । 'मेरो योजना एक्लैले भए पनि टोलीलाई जिताउँछु भन्ने थियो, बसिरसँग राम्रो साझेदारी भयो, तर अन्तिमसम्म टिक्न सकिएन,' लोकेशले भने । लुम्बिनीका कप्तान रोहितले अन्तिममा बलिङ राम्रो हुन नसक्दा पराजित भएको बताए । 'लोकेश र बसिरबिच राम्रो साझेदारी भयो, तर हाम्रो बलिङ सोचेजस्तो भएन,' रोहितले भने ।

यसअघि टस हारेर ब्याटिङ गरेको लुम्बिनीका लागि कप्तान रोहितले २९ बलमा सर्वाधिक ४६ रन बनाएका थिए । टम मोरिसले १७ बलमा ३० र विवेक यादवले ७ बलमा ३ छक्कासहित आक्रामक १९ रन जोडे । तेस्रो खेलमा आएर विराटनगरका कप्तान सन्दीप लामिछानेले एनपिएलकै पहिलो विकेट लिएका छन् ।

### काठमाडौंको पहिलो जित

कर्णाली याक्सले लगातार दोस्रो हारको सामना गरेको छ । काठमाडौं गुर्खाजले एनपिएलमा पहिलो जित निकाल्ने क्रममा कर्णालीलाई तीन विकेटले हराएको छ । यसअघि जनकपुर बोल्ट्ससँग कर्णाली पराजित भएको थियो । काठमाडौं पहिलो खेलमा चितवनसँग पाँच विकेटले हारेको थियो । त्रिवि मैदानमा कर्णालीले २० ओभरमा पाँच विकेट गुमाउँदै १४९ रन बनाएको थियो । प्रत्युत्तरमा काठमाडौंले १९.३ ओभरमा सात विकेट गुमाउँदै जित निकालेको हो ।

काठमाडौंलाई अन्तिम १२ बलमा २१ रन चाहिएको थियो । क्रिजमा कप्तान करण केसी र सुमित महर्जन थिए । कर्णालीका कप्तान सोमपाल कामीले १९औँ ओभरमा करणलाई बाउन्ड्री लाइनमा देव खनालबाट क्याच आउट गराए । करणले समान दुई छक्का र चौकासहित २८ रन बनाए । कर्णालीबाट अन्तिम ओभर नन्दन यादव गरे । काठमाडौंलाई अन्तिम ओभरमा ७ रन आवश्यक थियो । सुमित महर्जनले फिनिसरको भूमिका खेले । उनले ३७ बलमा सर्वाधिक ४० रन बनाए । अलराउन्डर जेरार्ड इरास्मसले २८ बलमा तीन चौका र दुई छक्कासहित ३८ रनको योगदान दिए ।

### लगातार दोस्रो खेलमा धवनको अर्धशतक


भारतीय चर्चित ब्याट्सम्यान शिखर धवनले लगातार दोस्रो खेलमा अर्धशतकीय इनिङ्स खेल्दा पनि कर्णालीलाई जित दिलाउन सकेनन् । धवनले पहिलो खेलमा १४ र दोस्रो खेलमा ५१ रन जोडेका थिए । काठमाडौंविरुद्ध उनले ५२ बलमा चार चौका र पाँच छक्कासहित सर्वाधिक ७२ रन बनाए । काठमाडौंविरुद्ध १७.५ ओभरमा धवनले अर्धशतक बनाउँदा कर्णालीले पाँच विकेटको क्षतिमा १२४ रन बनाएको थियो । कर्णालीले पावर प्लेमा दुई विकेट गुमाएर ३९ बनायो । धवनले मात्रै ६ बल खेलेर ४ रन जोडेका थिए । तेस्रो नम्बर क्रिजमा आएका चाडविक वाल्टनले १५ बलमा पाँच चौकासहित २१ रन बनाए । बाबर हायत पनि १९ बलमा एक चौकासहित १० रनमा पेभिलियन फर्किंदा कर्णाली ८.१ ओभरमा ४९/३ को अवस्थामा थियो । पाँच नम्बर क्रिजमा आएका गुल्सन झाले १९ बलमा एक चौकासहित १२ रन बनाए । ओमानका जिसन मक्सुदले ११ बलमा १४ रनको योगदान दिए ।



लुम्बिनीलाई हराएपछि खुसी हुँदै विराटनगरका खेलाडी । तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

### बसिरसँग राम्रो साझेदारी भयो


**लोकेश बम**, खेलाडी, विराटनगर किंग्स



हरेक ओपनरलाई उत्कृष्ट सुरुवात गरौँ भन्ने लाग्छ । मेरो योजना पनि त्यही थियो । बिहानदेखि खेल जिताउँछु भन्ने थियो । दुई खेल नराम्रो भएपछि तेस्रोमा राम्रो गर्नुपर्ने दबाब थियो । बसिर आएपछि हामी दुवैले खेल सकाउने योजना भयो । त्रिविको विकेट सोचेजस्तो छैन । नेपाली खेलाडीले एनपिएलमा राम्रो प्रदर्शन गर्नुपर्छ ।

### बलिङ नराम्रो भयो

**रोहितकुमार पौडेल**, कप्तान, लुम्बिनी लायन्स



विराटनगरविरुद्ध यस्तो नतिजा आउने कल्पना थिएन । लोकेशले राम्रो ब्याटिङ गरेको हो । हाम्रो बलिङ राम्रो हुन सकेन । वेन कटिङ घाइते हुँदा राम्रो बलिङ भएन । मलाई लाग्छ लोकेश र वसिरसँगको साझेदारीले हामीलाई गाह्रो भयो । हामीले दुई सयभन्दा माथि बनाउन सकेनौँ । प्रतियोगितामा सबै टिम उस्तै छन् । सबै टिमको उपाधि जित्ने सम्भावना छ ।

**अंक तालिका**

| टोली | खेल | जित | हार | अंक |
|---|---|---|---|---|
| जनकपुर | २ | २ | ० | ४ |
| चितवन | २ | २ | ० | ४ |
| काठमाडौं | २ | १ | १ | २ |
| सुदूरपश्चिम | १ | १ | ० | २ |
| विराटनगर | ३ | १ | २ | २ |
| लुम्बिनी | १ | ० | १ | ० |
| पोखरा | १ | ० | १ | ० |
| कर्णाली | २ | ० | २ | ० |

## खेल संक्षेप

### अन्तर्राष्ट्रिय ब्याडमिन्टन हुने

**काठमाडौं**/ नेपाल ब्याडमिन्टन संघको आयोजनामा काठमाडौंमा अन्तर्राष्ट्रिय प्रतियोगिता हुने भएको छ । नेपाल इन्टरनेसनल च्यालेन्ज प्रतियोगिता २३ देखि २६ डिसेम्बरसम्म हुने संघका कोषाध्यक्ष तिलक पाण्डेले जानकारी दिए । यसैगरी २७ डिसेम्बरदेखि नेपाल इन्टरनेसनल जुनियर पनि हुनेछ । वर्ल्ड ब्याडमिन्टन र ब्याडमिन्टन एसियाको प्रायोजनमा हुन लागेको प्रतियोगितामा नेपालसहित २२ देशका खेलाडीले सहभागिता जनाउनेछन् । नेपाल, भारत, बंगलादेश, अमेरिका, क्यानडासहित २२ देशले सहभागिता जनाउने कोषाध्यक्ष पाण्डेले जानकारी दिए । दुवै प्रतियोगिताका विजेताले १२ सय अमेरिकी डलर हात पार्नेछन् । यसैगरी उपविजेताले ७२० अमेरिकी डलर र सेमिफाइनलिस्टले तीन सय अमेरिकी डलर जित्नेछन् । प्रतियोगिताको क्वार्टरफाइनलमा सीमित हुने खेलाडीले १२० अमेरिकी डलर हात पार्नेछन् ।

### एमएमए च्याम्पियनसिपमा एक खेलाडी

**काठमाडौं**/ गाम्मा वर्ल्ड एमएमए च्याम्पियनसिपमा नेपालका एक मात्र खेलाडी विनोद श्रेष्ठले प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगिता इन्डोनेसियाको जाकार्तामा ६ देखि १४ डिसेम्बरसम्म हुनेछ । प्रतियोगितामा विनोदले पुरुष ७० केजीमा भाग लिनेछन् । ग्लोबल एसोसिएसन अफ मिक्स मार्सल आर्टस् (गाम्मा)को आयोजनामा हुने प्रतियोगिताको टोली प्रमुखमा राजीव महर्जन तथा प्रशिक्षकमा उमेश महर्जन रहेका छन् । खेलाडी सहभागिताको सम्पूर्ण खर्च ललितपुर जिल्ला खेलकुद विकास समिति तथा गाम्मा नेपाल एसोसिएसन अफ मिक्स मार्सल आर्टस्ले व्यहोर्नेछन् ।

### पुरुषोत्तम र रिजेन्द्र शीर्ष स्थानमा

**काठमाडौं**/ राष्ट्रिय बुद्धिचाल 'बी' प्रतियोगिताको बुधबार भएको खेलमा चारजना खेलाडीले संयुक्त अग्रता लिएका छन् । मकवानपुरका खेलाडी पुरुषोत्तम सिलवाल, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी, दोलखाका आशिष फुयाँल र रौतहटका एफएम रूपेश जैसवालले समान ३.५ अंक हात पारेका छन् । युवा उदीयमान खेलाडी पुरुषोत्तमले मलन लामामाथि जित र रिजेन्द्रसँग बराबरी खेलेका थिए । रिजेन्द्रले धीरेन राईलाई हराएका थिए । आशिषले रूपेशसँग बराबरी खेले र अर्को खेलमा उनले प्रकाशचन्द्र नेपाललाई हराए ।

प्रसित खनाललाई निराश बनाएका रूपेशले आशिषसँग बराबरी नतिजा निकाले । क्लासिकल १ घण्टा ३० मिनेट समयको स्ट्यान्डर्ड चेस खेलमा मकवानपुरका सिएम मिलन लामा, काठमाडौंका सुरज सिंह, भक्तपुरका राजेश कक्षपति, निकेन कुसाथा, ललितपुरका सुरोज महर्जन र सिराहाका सुशील चौधरीले समान ३ अंक बनाउदै संयुक्त दोस्रो स्थानमा उभिएका छन् । यसैगरी महिलातर्फ कीर्तिपुरकी बिनिता कपाली र नेपालगन्जकी इशा गिरी अपराजित रहँदै शीर्ष स्थानमा रहे । उनीहरूले ३.५ अंक जोडेका छन् । बिनिता कपालीले एन्जेल महर्जन, लक्ष्मी कँडेल, पुनम प्रसाईंविरुद्ध जित निकालेकी थिइन् । बिनिताले अब पाचौँ चरणमा ओलम्पियाड रिया श्रेष्ठविरुद्ध खेल्नेछिन् । नेपाल बुद्धिचाल महासंघको क्यालेन्डरअनुसार राष्ट्रिय 'बी' प्रतियोगिताको पुरुषतर्फ नौ चरण र महिलामा सात चरणमा खेल हुनेछ ।

### एनप्याब्सन खेलकुद शुक्रबारदेखि

**काठमाडौं**/ एनप्याब्सन काठमाडौं जिल्ला कार्यसमितिको आयोजनामा सातौँ एनप्याब्सन खेलकुद सप्ताह शुक्रबारदेखि हुने भएको छ । खेलकुद सप्ताहमा विभिन्न चार खेलमा प्रतिस्पर्धा हुने प्रतियोगिताका संयोजक प्रेमकुमार भुजेलले बताए । उनका अनुसार फुटसल, बास्केटबल, कबड्डी र तानडोरी इभेन्ट हुनेछन् । पुरुष र महिला टोलीले चारै खेलमा भाग लिनेछन् । खेलकुद सप्ताहमा १२० भन्दा बढी विद्यालयको सहभागिता रहने आयोजकका अध्यक्ष अमृत खड्काले जानकारी दिए । २९ मंसिर चल्ने प्रतियोगिताको बजेट सात लाख रहेको छ ।

# आइपिएलको ब्रान्ड भ्यालु १२ अर्ब अमेरिकी डलर

**एजेन्सी**

विश्वकै महँगो इन्डियन प्रिमियर लिग (आइपिएल)को ब्रान्ड भ्यालु १२ अर्ब अमेरिकी डलर पुगेको छ । भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले १७औँ संस्करणको खेलाडी अक्सनपछि आइपिएलको ब्रान्ड भ्यालु सार्वजनिक गरेको हो । गत वर्षको तुलनामा यसपटक १३ प्रतिशत ब्रान्ड भ्यालु बढेको बिसिसिआईले जनाएको छ । सन् २०२३ मा १०.९ अर्ब अमेरिकी डलर रहेको थियो । सन् २००९ मा आइपिएलको भ्यालु दुई अर्ब डलर रहेको थियो ।

सन् २००८ को पहिलो संस्करणमा ब्रान्ड भ्यालु सार्वजनिक भएको थिएन । त्यसयता आइपिएलको ब्रान्ड भ्यालु सार्वजनिक हुँदै आएको छ । ब्रान्ड फाइनान्स रिपोर्टअनुसार आइपिएलका चार फ्रेन्चाइज टोलीको ब्रान्ड भ्यालु सय मिलियन अमेरिकी डलरभन्दा माथि छ । चेन्नई सुपर किंग्स, मुम्बई इन्डियन्स, रोयल च्यालेन्जर्स बेंग्लोर र कोलकाता नाइट राइडर्सको ब्रान्ड भ्यालु सय मिलियन अमेरिकी डलर रहेको रिपोर्टमा उल्लेख छ । चेन्नईको १२२ मिलियन अमेरिकी डलर र मुम्बई इन्डियन्सको ११९ मिलियन अमेरिकी डलर रहेको छ ।

आइपिएलमा यी दुवै टोली सर्वाधिक सफल हुन् । यसपटक चेन्नईको ५२ प्रतिशत र मुम्बईको ३६ प्रतिशत ब्रान्ड भ्यालु वृद्धि भएको हो । राम्रा खेलाडी भएको, तर एकपटक पनि आइपिएल उपाधि उचाल्न नसकेको बेंग्लोरको ब्रान्ड भ्यालु ११७ मिलियन अमेरिकी डलर छ । गत वर्षको तुलनामा बेंग्लोरको ब्रान्ड भ्यालु ३८ प्रतिशतले वृद्धि भएको हो । यसैगरी, कोलकाता र सनराइजर्स हैदराबादका समान १०९ मिलियन अमेरिकी डलर ब्रान्ड भ्यालु रहेको छ ।

### सबैभन्दा महँगो फ्रेन्चाइज लिग

आइपिएल संसारको सबैभन्दा महँगो फ्रेन्चाइज टी-२० लिग हो । आइपिएलबाहेक इंग्लिस प्रिमियर, स्पेनिस ला लिगा, बुन्डेस लिगा, सिरी ए र लिग वान फुटबलको ब्रान्ड भ्यालु अधिक रहेको छ । यी युरोपकै शीर्ष पाँच प्रिमियर लिगको समग्र ब्रान्ड भ्यालु ५५१ मिलियन अमेरिकी डलर रहेको छ । बुन्डेस लिगाको २९० मिलियन अमेरिकी डलर र इपिएलको ६७० मिलियन अमेरिकी डलर ब्रान्ड भ्यालु रहेको छ ।

'आइपिएलले विश्वका अन्य फ्रेन्चाइज लिगलाई पछि पारेको छ, सम्भवतः यसले फुटबललाई समेत पछि पारेको छ,' बिसिसिआईले जनाएको छ । आइपिएल चलिरहँदा विश्वभर एक अर्ब ३० करोड क्रिकेट समर्थकले हेर्ने गरेका छन् । 'चेन्नई, मुम्बई, बेंग्लोर, राजस्थान र कोलकाताका समर्थक विश्वभर छन्, यसकारण पनि आइपिएल चलिरहँदा टेलिभिजनको भ्युअर्स बढेको हो,' बिसिसिआईले भन्यो, 'आइपिएलका फ्रेन्चाइज टोली सामाजिक कार्यमा पनि सक्रिय छन् ।' आइपिएलको मार्केटिङ भारतमा मात्र सीमित छैन । युएई, साउदी अरेबिया, अमेरिका र अस्ट्रेलियामा समेत आइपिएलको मार्केटिङ हुने गर्छ ।

### मुम्बई र चेन्नई सर्वाधिक सफल

आइपिएलमा मुम्बई र चेन्नई सर्वाधिक सफल टोली हुन् । यी दुवैले समान पाँचपटक ट्रफी उचालेका छन् । सन् २००८ को पहिलो संस्करणमा राजस्थानले उपाधि हात पारेको थियो । यसैगरी कोलाकता तीनपटकको च्याम्पियन हो । डेक्कन चार्जर्स, गुजरात, हैदराबाद र राजस्थानले समान एकपटक आइपिएल ट्रफी जितेका छन् । चेन्नई सबैभन्दा बढी फाइनल खेल्ने टोली हो । चेन्नईले अहिलेसम्म १० फाइनल खेलेको छ । मुम्बईले ६ मध्ये पाँच फाइनल जितेको छ । स्पट फिक्सिङका कारण चेन्नई र राजस्थानमाथि कारबाही हुँदा सन् २०१६ र २०१७ को संस्करणमा खेल्न प्रतिबन्ध लगाइएको थियो । आइपिएलको डेब्यु संस्करणमै राजस्थान र गुजरातले मात्र उपाधि जितेका छन् ।




**आइपिएल टोलीका ब्रान्ड भ्यालु**

| टोली | ब्रान्ड भ्यालु | वृद्धि |
|---|---|---|
| चेन्नई | १२२ मिलियन अमेरिकी डलर | ५२ % |
| मुम्बई | ११९ मिलियन अमेरिकी डलर | ३६ % |
| बेंग्लोर | ११७ मिलियन अमेरिकी डलर | ६७ % |
| कोलकाता | १०९ मिलियन अमेरिकी डलर | ३८ % |
| हैदराबाद | ८५ मिलियन अमेरिकी डलर | ७६ % |
| राजस्थान | ८१ मिलियन अमेरिकी डलर | ३० % |
| दिल्ली | ८० मिलियन अमेरिकी डलर | २४ % |
| गुजरात | ६९ मिलियन अमेरिकी डलर | ५ % |
| पन्जाब | ६८ मिलयन अमेरिकी डलर | ४९ % |
| लखनउ | ६० मिलियन अमेरिकी डलर | २९ % |

# लालीगुराँस र नर्थ भ्याली विजयी

**काठमाडौं**/ लालीगुराँस नेसनल एकेडेमी र नर्थ भ्यालीले तेस्रो मेयर रनिङ सिल्ड खेलकुदअन्तर्गत जुनियर छात्र बास्केटबलमा जित निकालेका छन् । लालीगुराँसले बालकुञ्जलाई २४-११ ले पराजित गर्‍यो । लालीगुराँसको जितमा प्रजेश महर्जनले १० स्कोरको योगदान गरे । डेविड खड्काको ६ स्कोरको सहयोगमा नर्थ भ्यालीले तेजस्वीलाई १४-१० ले हरायो । छात्र बास्केटबलमा कौशलले मेघा पब्लिकलाई २०-९ ले हरायो । जीवन ज्योतिले एन्जल्सलाई १८-१२ ले पराजित गर्‍यो ।

बुधबार भएको अर्को खेलमा रोजमेरीले गुरुकुललाई ३०-२२ ले निराश बनायो । मानसिंह धर्मले गिनिज पब्लिकलाई १६-१४ ले पाखा लगायो । छात्रामा प्रारम्भ वर्ल्ड स्कुलले जिनियसलाई २२-१२ ले निराश बनायो । पद्मचक्रले रोजमेरीलाई १६-११ ले हरायो । जीवन ज्योतिले कौशललाई १९-१३ र तेजस्वीले नर्थ भ्यालीलाई २३-१२ ले पन्छाए । प्रतियोगिताअन्तर्गत छात्र फुटबलमा प्रारम्भले एन्जल्स हार्टलाई ६-० ले निराश बनाएको छ । पद्मचक्रले सिद्धार्थ मोडल एकेडेमीमाथि २-० को जित निकाल्यो । ल्यान्डमार्क एकेडेमीले मेघा पब्लिकलाई २-० र सेक्रेड हार्टले ग्राम सेवालाई १-० ले हराए । कालिका सदनले पृथ्वी नारायणलाई सडन डेथ, कौशलले लालीगुराँसलाई २-० र मानसिंहले विराट सनातनलाई ५-२ गोलले पराजित गरे ।

# अन्जिलाले युरोपेली लिग खेल्ने




**काठमाडौं**/ नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान तथा गोलरक्षक अन्जिला तुम्बापो सुब्बाले ग्रिसको सुपर लिग क्लब निस अत्रोमितोउबाट खेल्ने भएकी छिन् । अन्जिलाको बायोपिक 'अन्जिला'को प्रिमियर हङकङमा हुँदै छ । प्रिमियर सो हेर्न उनी शुक्रबार हङकङ जाँदै छिन् । त्यतैबाट १२ डिसेम्बरमा अन्जिला ग्रिसको राजधानी एथेन्स उड्नेछिन् । युरोपेली फुटबल लिग खेल्ने उनी दोस्रो नेपाली फुटबलर हुन् । यसअघि राष्ट्रिय टोलीकी स्ट्राइकर सावित्रा भण्डारी फ्रान्सको फ्रेन्च लिग वानमा आबद्ध छिन् ।

'लामो प्रयासपछि युरोपेली फुटबलमा पाएको अवसरमा एकदम खुसी लागेको छ,' २७ वर्षीया अन्जिलाले भनिन्, 'सुपर लिगमा उत्कृष्ट प्रदर्शन गर्दै अरू नेपाली खेलाडीका लागि बाटो खुला गर्ने प्रयास हुनेछ ।' उनले स्विडिस एजेन्टमार्फत ग्रिसको निस अत्रोमितोउ क्लबसँग गत सेप्टेम्बरमा सम्झौता गरेकी थिइन् । भिसा प्रक्रिया र साफ महिला च्याम्पियनसिप २०२४ खेल्न राष्ट्रिय टोलीसँग आबद्ध रहेकाले उनले ग्रिस सुपर लिगका सुरुवाती खेल गुमाइन् । उनले क्लबसँग मे २०२५ सम्मका लागि हस्ताक्षर गरेकी छिन् ।

**SHIVASATAKSHI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**BYANGDADA, JHAPA**
**KOSHI PROVINCE, NEPAL**

**Invitation for online Bids**

Date of 1st Publication : **2081/08/20 (05-Dec-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Doc Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 09/SM/NCB/Road/2081/082 | Construction of Blacktop from Kamal bridge toward moti school, shivasatakshi 02 | Nrs 3000 | **Nrs 58,34,230.03** | 90 Days After Bid opening | **Nrs** 1,67,000 | 30 Days beyond the Validity of Bid | 05-Jan-2025 12: 00 Hours | 05-Jan-2025 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank** : Nepal Investment Mega Bank Nepal LTD, Byangdada Branch
**Name of Office** : Shivasatakshi Municipality
**Office Account no.** : 29601400000017

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com